जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक २३१ • २०८२ जेष्ठ २८ गते बुधवार • 11 Jun. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# जीएसएस परियोजनाको समाजिक लेखा परीक्षण सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ जेष्ठ**



धनुषाको विदेह नगरपालिकाको विभिन्न वडामा संचालित सशक्त बालिका (जीएसएस) परियोजनाको मंगलबार समाजिक लेखा परीक्षण सम्पन्न भएको छ। प्लान इन्टरनेशनल नेपालको सहयोगमा समाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआरसी)ले संचालन गरेको उक्त परियोजनाको जनप्रतिनिधि, सरोकारबाला, लाभग्राहीको उपस्थितिमा समाजिक लेखा परीक्षण गरिएको हो।

लेखा परीक्षण कार्यक्रममा बोल्दै विदेह नगरपालिकाका नगर उपप्रमुख आशादेवी झाले पारदर्शीता र इमान्दारीता कुनै पनि संघसंस्थालाई अगाडि बढाउन आवश्यक रहेको बताइन् । एक वर्षको अवधिमा गरिएको क्रियाकलाप र सोवापत खर्चिएको बजेटबारे लाभग्राही र सरोकारबालाहरुले पनि जानकारी पाउनुपर्ने हो, उनले भनिन्- एसडीआरसीको क्रियाकलाप पारदर्शी छ । नगरपालिकाको विभिन्न वडाहरुमा समाजिक उत्थानका लागि गरिरहेको क्रियाकलापको प्रभावमा समाजमा परेको छ, उनले थपिन्। लैंगिक समानता कायम गर्नुका साथै गर्भदेखि तीन वर्ष मुनिका बालबालिकाका पोषणयुक्त भोजन, दुर्घटना जोखिम, अभिभावक शिक्षा, प्रजनन स्वास्थ्यबारे आमजनता सचेत हुँदै गएको उनले जिकिर गरिन्। उपप्रमुख झाले पालिकाको बाँकी रहेको वडामा पनि यसप्रकारको परियोजना संचालन गर्न सहयोगी संस्थालाई आग्रह गरिन्।

सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआरसी) का अध्यक्ष मञ्जु कुमारी यादवले स्वागत मन्तव्य राख्दै समाजिक विकासका लागि संचालन गरिएको यो परियोजनाले आमजनतामा परिवर्तन ल्याएको बताइन् । एक वर्षको अवधिमा एसडीआरसीले संचालन गरेको क्रियाकलाप र त्यसमा लागेको खर्च सार्वजनिकीकरण गर्ने उद्येश्यले समाजिक लेखा परीक्षण गर्न लागिएको अध्यक्ष यादवले बताइन् । संस्था जनताप्रति उत्तरदायी भई पारदर्शी रुपमा परियोजना संचालन गरेको र आगामी दिनमा पनि पारदर्शीता कायम गरेर अघि बढ्ने प्रतिबद्धता उनले गरिन् । एसडीआरसीका कार्यक्रम संयोजक बिवश श्रेष्ठले प्रारम्भिक बालविकास बालविकासमा बुवाको भूमिका सम्बन्धी वडा नं. ३,५,७ र ९ का ८ जना स्वास्थ्यकर्मीहरुलाई दुई दिने पूर्नताजगी तालिम दिएको, स्वास्थ्य आमा समूहको अवस्था विश्लेषण, वडा तहमा छलफल र पूर्नगठन गरिएको बताए । उनले वर्षदिनको प्रगति विवरण प्रस्तुत गर्दै वडा नं. ३, ५, ७ र ९ का १ सय ६३ जना किशोरीहरुलाई सेफगाडिङ्ग सम्बन्धी अभिमुखिकरण गरिएको बताए । कार्यक्रम गर्ने क्रममा खानेपानी, सरसफाई र स्वच्छताको कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि सीमित टोलमा कार्यक्रम संचालन गर्दा उपयुक्त हुने सिकाई प्राप्त भएको उनले बताए ।

पूर्ण सरसफाई युक्त घर घोषणा गर्नका लागि खानेपानी, सरसफाई र स्वच्छताको ६ सूचक पूरा हुनुपर्ने तर विदेह नपा वडा नं. ३ मा ११ र ९ मा ३९ घरमा शौचालय नरहेकाले सरसफाईमा चुनौती रहेको उनले प्रस्तुत गरेको विवरणमा उल्लेख छ । एक वर्षको अवधिमा ती वडाहरुमा २४ लाख ४६ हजार ८६८ रुपैयाँ खर्च भएको श्रेष्ठले बताए। यसै वर्षदेखि परियोजनाको कार्य क्षेत्र विस्तार भएको बताउँदै वडा . २, ६ र ८ मा कार्यक्रम थपिएको उनले जानकारी दिए ।

यस्तै सामुदायिक परिवार कल्याण संघ (सीएफडब्लुए) ले पनि कार्यक्रममा वर्ष दिनको प्रगति विवरण र त्यसको खर्च सार्वजनिक गरेको थियो । एसडीआरसी र सीएफडब्लुएले संयुक्त रुपमा आयोजना गरेको सार्वजनिक लेखा परीक्षणमा वडा नं. १का वडाध्यक्ष संजय पाण्डे, वडा नं. ५ का वडाध्यक्ष राधेश्याम गोइत र वडा नं. ७ का वडाध्यक्ष राजकिशोर सिंह लगायतले कार्यक्रममा पारदर्शीता कायम गर्न गरिएको प्रयासको प्रशंसा गरेका थिए। सो अवसरमा विदेह नगरपालिकाका शाखा प्रमुख, स्वास्थ्य चौकी इन्चार्ज, महिला स्वास्थ्य स्वयम्सेविका, स्वास्थ्यकर्मी, लाभग्राही र दुवै संस्थाका कर्मचारीहरुको उपस्थिति रहेको थियो।




अनुरोधकर्ता
परवानीपुर गाउंपालिकाको कार्यालय
बारा,मधेश प्रदेश

# एकिकृत अखिल नेपाल शिक्षक संगठन बटेश्वर धनुषाको अध्यक्षमा सिंह चयन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ जेष्ठ**




एकिकृत अखिल नेपाल शिक्षक संगठन बटेश्वर धनुषाको अध्यक्षमा शिक्षक दिपेन्द्र प्रसाद सिंह सर्वसम्मत चयन भएका छन् । संगठनको बटेश्वर गाउँपालिकास्तरिय विशेष बैठकबाट शिक्षक सिंहको अध्यक्षतामा १७ सदस्यीय पालिकास्तरिय समिति सर्वसम्मत चयन गरेको हो।

संगठनका अध्यक्ष प्रमोदशरण केवटको नेपाल शिक्षक महासंघ धनुषाको सहअध्यक्षमा चयन भएपछि विशेष बैठकबाट सिंहलाई अध्यक्षमा चयन गरेको हो। सोमबार संगठनका अध्यक्ष प्रमोदशरण केवटको अध्यक्षता तथा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य तारा देवी महतोको प्रमुख आतिथ्यतामा आयोजित विशेष बैठकमा संगठनका केन्द्रिय उपमहासचिव समेत रहेका नेपाल शिक्षक महासंघका केन्द्रिय सदस्य दिनेश राय, संगठनका प्रदेश अर्थसचिव रामवृक्ष महतो, संगठनका धनुषा जिल्ला अध्यक्ष धर्मेन्द्र कुमार यादव, नेकपा माओवादी केन्द्रका बटेश्वर गाउँपालिका अध्यक्ष पदम लामालगायतको उपस्थितीमा सिंहलाई अध्यक्षमा सर्वसम्मत चयन गर्दै संगठनको पुर्नगठन गरिएको हो। सिंहको नेतृत्वमा पुर्नगठित गाउँ समितिको बरिष्ठ उपाध्यक्ष सुमित कुमार साह, उपाध्यक्षमा मनोहर कुमार महतो, महिला उपाध्यक्षमा गणिता कुमारी महतो, सचिवमा सुभाष कुमार कर्ण, सहसचिवमा सुनिल कुमार यादव, अर्थसचिवमा मंजु कुमारी कापरी, सहअर्थसचिवमा अमित सहनीलाई सर्वसम्मत चयन गरिएको हो । सदस्यहरुमा जितेन्द्र कुमार ठाकुर, बेचन महतो, प्रेमप्रसाद कापर, राजकुमार महतो, मो.जाफर खाँ, निशा कुमारी दास, अन्जीला यादव, प्रतिभा सिंह, कृष्णा कुमारी, टुङकल कुमारी महतो,रंजिता कुमारी महतोलाई चयन गरिएको हो । विशेष बैठकबाट एकिकृत अखिल नेपाल शिक्षक संगठन बटेश्वरको ३ सदस्यीय सल्लाहकार समिति समेत गठन गरिएको छ। सल्लाहकार समितिमा निर्वतमान अध्यक्ष समेत रहनुभएका शिवशक्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रमोदशरण केवट, मटुक महतो रंकी देवी राष्ट्रिय आधारभूत विद्यालय जनमुक्तिनगरका प्रधानाध्यापक रामवृक्ष महतो, श्री राष्ट्रिय आधारभूत विद्यालय सीतापुरका प्रधानाध्यापक राजनारायण मण्डललाई चयन गरिएको संगठनका अध्यक्ष दिपेन्द्र प्रसाद सिंहले बताए।




# समावेशी शिक्षा जरुरी

*भाषा अनुवाद, दृष्टिविहीन विद्यार्थीहरूका लागि अक्षरहरुलाई आवाजमा रुपान्तरण गर्ने प्रणाली र बौद्धिक अशक्तता भएकाहरूका लागि सरल भाषाको खाका मार्फत शिक्षालाई समावेशी बनाउँदै लगेको देखिन्छ। उदाहरणका लागि नेपालमा नेपाली, भोजपुरी, र मैथिली जस्ता स्थानीय भाषाहरूमा एआईद्वारा निर्मित र संचालित शैक्षिक सामग्रीले ग्रामीण विद्यार्थीहरूलाई समेट्ने प्रयास गर्दै आएको देखिन्छ। कृषि क्षेत्रको चर्चा गर्दै गर्दा एआईको प्रयोगले उत्पादकत्व वृद्धि र वातावरणीय संतुलन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ। एआई मार्फत संचालित ड्रोन, सेन्सर, र डेटा विश्लेषण प्रणालीहरूले माटोको गुणस्तर, मौसमको पूर्वानुमान र कीटाडुहरुको नियन्त्रणमा सहयोग पुर्याउने देखिएका छन*

*सन् २०२४ मा भारतमा एआईमा आधारित कृषि प्रणालीले २५ प्रतिशतसम्म उत्पादन वृद्धि गरेको तथ्याङ्क रहेको छ। नेपालमा पनि, हिमाली र तराई क्षेत्रमा मौसमको अनुमान, प्रकोपको पूर्वानुमान र बाली व्यवस्थापनमा यस्को प्रयोग बढाउदै जाँदा जलवायु परिवर्तनको सामना गर्न सहज हुँदै जाने र बाढी, पहिरो, र खडेरी जस्ता प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणमा महत्त्वपूर्ण भूमिको देखिन्छन ।*

*उदाहरणका लागि नेपालको कोशी बेसिनमा एआई द्वारा संचालित बाढी पूर्वानुमान प्रणालीले हजारौंको ज्यान र सम्पत्ति जोगाउन समेत सहयोग पुऱ्याउने देखिन्छ । सार्वजनिक सेवा र सुशासनको क्षेत्रलाई विश्लेषण गर्दै गर्दा एआईले सार्वजनिक सेवाहरूमा पारदर्शिता, जवाफदेहिता र दक्षता बढाउँछन नै तर स्मार्ट सिटी परियोजनाहरूमा यसको प्रयोगले ट्राफिक व्यवस्थापन, अपराधको निगरानी र ऊर्जा उपयोगमा सुधार हुने समेत देखिन्छ ।*

# चुरेपाखाका स्थानीय बिजुली नहुँदा अहिले पनि सोलार र टुकी बत्तीको भरमा

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २७ जेष्ठ**



सर्लाहीको चुरेवर्ती क्षेत्रका करिब ७०० घरधुरीमा बिजुली पुग्न बाँकी छ। भौगोलिक हिसाबले विकट रहेको चुरेपाखाका स्थानीय बिजुली नहुँदा अहिले पनि सोलार र टुकी बत्तीको भरमा छन्। नेपाल विद्युत प्राधिकरणको लालबन्दी वितरण केन्द्रका अनुसार लालबन्दी नगरपालिकाको वडा नं. १३, १४ र १५ मा मात्र ६१० घरधुरीमा बिजुली बत्ती पुगेको छैन।

लालबन्दी नगरपालिका कार्यालयले लालबन्दी १३ मा ३५ घरधुरी, लालबन्दी १४ मा ३७५ घरधुरी र लालबन्दी १५ मा २०० घरधुरीमा विद्युतीकरणको माग गरेको छ। ती ठाउँमा बिजुली पुऱ्याइदिन माग गर्दै गएको चैतमा नगरपालिकाले नेपाल विद्युत् प्राधिकरणको लालबन्दी वितरण केन्द्रमा पत्र बुझाएको थियो । सर्लाहीकै 'कर्णाली' भनिने लालबन्दी १४ नारायणखोलामा ७७५ घरधुरीमध्ये अझै ३७५ घरधुरीमा बिजुली पुग्न बाँकी रहेको नगरपालिका कार्यालयले जनाएको छ। चुरेको ठुलो भू-भाग पर्ने नारायणखोलामा डाइनी खोला, मगनी खोला, पन्ध्र बिघा, होमाने डाँडा, सतास, मटरखोला शिर, कामिटार शिर, लखन्देही शिरलगायत दुई दर्जन बढी बस्तीमा बिजुली पुग्न बाँकी रहेको वडाध्यक्ष छेनामसिंह घिसिङले जानकारी दिनुभयो।

वडाभित्र ७७५ घरधुरीमध्ये अहिलेसम्म ४०० घरधुरीमा मात्रै बिजुली पुगेको र बाँकी घरधुरीका स्थानीय सोलार तथा टुकी बत्तीको भरमा बसिरहेको वडाध्यक्ष घिसिङले बताउनुभयो। "भौगोलिक हिसाबले सारै दुर्गम ठाउँ छ, त्यहींमाथि बिजुली बत्तीधरी नहुँदा स्थानीय एक शताब्दी अघिका पुस्ताकै झैं जीवनयापन गर्न बाध्य छन्," वडाध्यक्ष घिसिङले भन्नुभयो, "बिजुली मात्रै पुऱ्याउन पाए स्थानीयको दैनिकी सहज हुन्थ्यो।" लालबन्दी १५ का वडाध्यक्ष गोरखबहादुर बलले आफ्नो वडाको बाहुने डाँडा, धुनधुने, फलाके, बाघ दमार, माझ खोला, ढाप खर्क, डालो पाखा, सानो फूलजोरलगायत एक दर्जन पाखाका बस्तीमा बिजुली पुग्न बाँकी रहेको जानकारी दिनुभयो। यस्तै बागमती नगरपालिका-१, मा वाइवा डाँडा, हऱ्याम भ्याल र पिपल डाँडामा बिजुली पुग्न बाँकी रहेको वडा कार्यालयले जनाएको छ। तीनवटा बस्तीका करिब ५० घरधुरीमा बिजुली विस्तार गरिदिन माग गर्दै प्राधिकरणको लालबन्दी वितरण केन्द्रमा पत्र लेखेर बुझाइएको वडाध्यक्ष गम्भीरसिंह पाख्रिनले बताउनुभयो। चुरेको ठूलो भू-भाग पर्ने ईश्वरपुर नगरपालिका १२ र हरिवन नगपालिका १ मा भने लगभग सबैजसो घरधुरीमा बिजुली पुगिसकेको पाइएको छ।

# नेपाल किसान महासंघ धनुषामा जुगल



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ जेष्ठ**

नेपाली कांग्रेसका भ्रातृ संगठन नेपाल किसान महासंघ, धनुषाको चौथो जिल्ला अधिवेशन मंगलबार सम्पन्न भएको छ। नेपाल किसान महासंघ धनुषा जिल्ला कार्य समितिको आयोजनामा सम्पन्न चौथो जिल्ला अधिवेशन राष्ट्रियसभा सदस्य आनन्द प्रसाद ढुंगानाको प्रमुख आतिथ्य रहेको थियो।

अधिवेशनमा नेपाली कांग्रेसका केन्द्रीय सह-महामन्त्री एवम् पूर्व खानेपानी मन्त्री महेन्द्र यादव, मधेश प्रदेशका पूर्व मन्त्री एवं प्रदेशसभा सदस्य राम सरोज यादव, नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झा, धनुषाधाम नगरपालिकाका नगरप्रमुख बालेश्वर मण्डल, धनुषा क्षेत्र न १ का क्षेत्रीय सभापति जितनारायण यादव, लक्ष्मीनियाँ गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्र लगायत पार्टीका नेता तथा किसानहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

अधिवेशनले नयाँ जुगल कुमार महतोको अध्यक्षतामा धनुषा जिल्ला कार्य समिति गठन गरेको छ। उपाध्यक्षमा नथुनी यादव, सचिवमा प्रदीप साह, सहसचिवमा राजन कार्की रहेका छन्। सदस्यहरूमा रामलाखी यादव, लक्ष्मण यादव, पल्टन यादव, सुर्यनाथ यादव, ललिता महरा र सन्तोष यादव रहेका छन्।

नयाँ नेतृत्वलाई महासंघका नेता, प्रतिनिधिर किसानहरूले शुभकामना तथा बधाई दिँदै किसानका हकहितका लागि थप सशक्त अभियान अघि बढाउन आग्रह गरेका थिए।


## पर्यटनलाई प्रवर्द्धन गरौ

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरब मात्र नभई आर्थिक समृद्धिको श्रोत पनि हुन । यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौ । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौ। स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौ। हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटनहरुसँग मैत्रीपूर्ण व्यवहार गरौ । पर्यटक हाम्रा पाहुना हुन । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौ ।

**अनुरोधकर्ता**
**पर्यटन विकास कार्यालय**
**धनुषा मधेश प्रदेश**


## तपाईंको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: मित्रतामा फाटो आउने
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: लामो यात्राको योग छ
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# गहिरो समुद्रलाई 'वाइल्ड वेस्ट' बन्न नदिन गुटेरेसको विश्व समुदायलाई आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ जेष्ठ**



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले फ्रान्समा आयोजित समुन्द्रसम्बन्धी विश्वव्यापी शिखर सम्मेलनको उद्घाटन सत्रमा गहिरो महासागरलाई 'वाइल्ड वेस्ट' बन्नबाट रोक्न विश्व समुदायलाई आग्रह गरेका छन्।

उनले 'वाइल्ड वेस्ट' को परिभाषा दिँदै नियामक निरीक्षणको कमी वा अपर्याप्त कानुनी प्रणालीका कारण अव्यवस्थित व्यवहार व्याप्त भएको स्थान वा परिस्थितिलाई त्यसरी बुझ्न सकिने स्पष्ट पारे। संयुक्त राष्ट्रसङ्घको महासागर सम्बन्धी सम्मेलनमा सहभागी विश्वका नेताहरूले महत्वपूर्ण खनिजहरूको लागि समुद्री तटको उत्खननसम्बन्धी विवादास्पद नियमहरू र प्लास्टिक प्रदूषणसम्बन्धी विश्वव्यापी सन्धिका सर्तहरूलाई लिएर बहस गरिरहेका छन्। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अन्तर्राष्ट्रिय जलक्षेत्रमा अमेरिकी अन्वेषणलाई तीव्रता दिने भन्दै उक्त क्षेत्रलाई नियमन गर्ने विश्वव्यापी प्रयासलाई बेवास्ता गरेपछि समुद्रको गहिराइमा उत्खननको बहसले तीव्रता पाएको हो। राष्ट्रिय जल बाहिर समुद्रतलमा क्षेत्राधिकार भएको अन्तर्राष्ट्रिय समुद्री तट प्राधिकरणले आगामी जुलाईमा समुद्रको गहिराइमा खनन नियमन गर्न विश्वव्यापी खनन संहिताबारे छलफल गर्न बैठक गर्दैछ।

# आजका लागि विदेशी मुद्राको विनिमय दर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ जेष्ठ**




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ७० पैसा र बिक्रीदर १३७ रुपैयाँ ३० पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १५६ रुपैयाँ छ पैसा र बिक्रीदर १५६ रुपैयाँ ७४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८५ रुपैयाँ ३४ पैसा र बिक्रीदर १८६ रुपैयाँ १६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १६६ रुपैयाँ ५९ पैसा र बिक्रीदर १६७ रुपैयाँ ३२ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ १८ पैसा र बिक्रीदर ८९ रुपैयाँ ५७ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ९२ पैसा र बिक्रीदर एक सय रुपैयाँ ३६ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०६ रुपैयाँ ३३ पैसा र बिक्रीदर १०६ रुपैयाँ ८० पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ४७ पैसा र बिक्रीदर नौ रुपैयाँ ५१ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ चार पैसा र बिक्रीदर १९ रुपैयाँ १२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६१ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६८ पैसा कायम भएको छ।

# खेम र दीपिकाको 'बोली बारेनी' सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ जेष्ठ**



खेम सेन्चुरी र दीपिका बायम्बु मगरको स्वर रहेको गीत 'बोली बारेनी' सार्वजनिक गरिएको छ। माया, प्रेम, बिछोडको कथा गीतले बोकेको छ।

गीतमा एक प्रेमीको गुनासो मार्मिक ढंगले प्रस्तुत गरिएको छ, जहाँ ऊ प्रेमिकासँग अलग्गिएको पीडामा छ। गीतका शब्द शिव पौडेलले लेखेका हुन् भने सङ्गीत ऋषि खड्का र सङ्गीत संयोजन विनोद बाजुरालीको छ। गीतको भिडियोमा विनोद भण्डारी, जुना गुरुङ, र नकुल शाही ठकुरीको अभिनय देख्न सकिन्छ। तिहारको परिवेशमा छायाङ्कन गरिएको भिडियोमा यथार्थ चित्रणको प्रयास गरिएको छ। भिडियो निर्देशन विनोद भण्डारीले गरेका छन् भने छायाङ्कन दिनेश पराजुली र सम्पादन अमृत चापागाईंले गरेका हुन्। भिडियो निर्माण पत्रकार कृष्ण पहाडीले गरेका हुन्।

# एसियन कप छनोट : लाओससँग सजग नेपाल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ जेष्ठ**




एएफसी एसियन कप छनोट अन्तर्गत नेपालले लाओससँग खेल्दैछ। नेपाल र लाओसबीचको खेल मंगलबार साँझ नेपाली समय अनुसार पौने ६ बजे न्यु लाओस स्टेडियममा सुरु हुनेछ। घरेलु टोली लाओसविरुद्धको खेललाई सामान्य रुपमा नलिएको नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक म्याट रोसले बताएकाछन्। लाओस घरेलु टोलि भएकोले कुनै गल्ती गर्न नहुने प्रशिक्षक रोसले मंगलबार बेलुका भएको प्रि कन्फ्रेन्समा बताएका हुन्। उनले घरेलु मैदानमा लाओसले केही फाइदा लिन सक्ने हुनाले पनि आफूहरु सचेत रहेको बताएका छन्।

लाओस घरेलु मैदानमा कडा प्रतिस्पर्धीका रुपमा रहन सक्ने बताउँदै उनले भने, 'मलाई लाग्छ। लाओस पूर्णरुपमा संगठित टोली हो। अत्यन्त आक्रमक रहेको लाओसविरुद्ध केही कमजोरी गर्दा टोली डरलाग्दो बन्न सक्छ,' प्रशिक्षक रोसले भने, 'त्यसैले पनि हामीले भोलीको खेललाई अत्यन्त गम्भीरतापूर्वक लिएका छौ। त्यसैले पनि दुवै टोली अंक बढाउन तयार अवस्थामा रहेकाछन्।' समूह एफमा रहेका नेपाल र लाहोस दुवैले छनोटको पहिलो खेलमा हार व्यहोरेका थिए।

त्यसैले दुवै टोली अंक जोड्ने लक्ष्यमा हुनेछन्। नेपाल अहिलेसम्म लाहोस नहारेकोले यो खेल जित्दै छनोटमा अंक जोड्ने योजनामा छ। नेपालले लाहोससँग खेल्नुअघि हडकडसँग मैत्रीपूर्ण खेल खेलेको थियो। हडकडलाई गोलरहित बराबरीमा रोकेर नेपाली टोली लाहोस पुगेको हो। यस्तै प्रशिक्षक रोसले नेपाली टोलीमा केही परिवर्तन हुने संकेत गरेकाछन्। हंगकंगविरुद्ध खेलेको टोली नै मैदानमा उत्रनेमा केही संशय रहेको बताउँदै उनले भने, 'हडकडविरुद्ध मैदानमा उत्रिएको टोलीमा केही फेरबदल हुन सक्छ। सम्भवत: हामी बलियो टोली मैदानमा उतार्नेछौ।' हडकड विरुद्ध पहिलो रोजाईंमा खेलेका डिफेन्डर डिफेन्स सनिश श्रेष्ठ घाइते छन्। यस्तै नेपाली टोलीका कप्तान किरण चेम्जोङले लाओस विरुद्ध खेल्न सबै सकारात्मक रुपमा तयार रहेको बताए। उनले भने, 'लाओसविरुद्ध प्रतिस्पर्धा गर्न हामी सधैं उत्सुक र तयार रहेकाछौ,' किरणले प्रि म्याच कन्फ्रेन्समा भने, 'पछिल्लो चारवटा खेलमा मैले पनि सहभागिता जनाएको छु। त्यसैले पनि भोलीको खेलका लागि हामी शारिरीक र मानसिक रुपमा तयार रहेकाछौ।' यस्तै नेपालका फरवार्ड अन्जन विष्टका लागि पनि आजको खेलमा गोलको कीर्तिमान बनाउने अवसर हुनेछ। अन्जनले अहिले हरि खड्का र निराजन रायमाझी समान पालका लागि १३ गोल गरेका छन्।






# बुबाको भूमिकाले जिम्मेवार बनायो

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २७ जेष्ठ

राजाराम पासवान अहिले जिम्मेवार सदस्यको रुपमा घरको कामलाई प्राथमिकता दिन थालेका छन् । शनिबार बिहान धनुषाको विदेह नगरपालिका-५ मुडिवास्थित राजारामको घर पुग्दा उनी आंगनमा बाँसको पर्खाल (टाटी) लगाउन बाँसको चोया काट्दै थिए। घरदेखि सय मिटर पश्चिममा रहेको आँपको बगैंजामा यसपाली फल नलागेर विगतको भन्दा चहलपहल कमै थियो ।


ठूलै क्षेत्रफलमा फैलिएको बगैंचामा आँप फलेको भए भिडभाड नै हुन्थ्यो। तर, यसपाली अन्य क्षेत्र जस्तै राजारामको घर नजिकै रहेको बगैंचामा आँप फलेको छैन् । आवागमन कम हुँदा राजारामलाई आफ्नो काम गर्न भने सहज भएको छ । काटेर ल्याएको बाँसको झाँझ फाडेर टाटी बनाउने कार्यमा उनी व्यस्त थिए । उनी टाटी लगाउने मात्र होइन, घरको अन्य कार्यमा पनि त्यतिकै रुची राख्न थालेका छन् । केहीदिनदेखि उनीमा देखिएको परिवर्तनले परिवारका अन्य सदस्य पनि चकित हुनुका साथै खुशि पनि छन् । बगैंचामा काम छाडेर उनी घर पुगेर काममा मन लाग्ने रहस्य बताए। केही दिनदेखि उनी पुरुष सत्र (प्रारम्भिक बालविकासमा बुवाको भूमिका) मा सहभागी हुन थालेको छ । महिना दिनको अन्तरालमा बस्ने गरेको पुरुष सत्रको बैठकले उनलाई काम गर्न प्रेरित मात्र गरेको छैन्, श्रीमति र बच्चाको हेरचाहमा पनि गंभीर बनाएको छ । हाम्रो समाजमा बच्चाको हेरचाह गर्ने जिम्मा महिलाको हो भनेर बुझ्छ, उनले भने-तर, पुरुषको पनि जिम्मेवारी छ। बच्चाको पोषणयुक्त भोजन, सरसफाई, विद्यालय पठाउने, घरमा हुँदा खेलमा लगाउने जस्ता कार्यमा बुवाले पनि भूमिका निर्वाह गर्नुपर्छ भने अव राजारामले राम्ररी बुझेका छन् । राजाराम आफ्नो भाउजु अगाडि बसेर अव घरको महिलालाई पनि सहयोग गरेर पारिवारिक वातावरण बनाउनुपर्ने तर्क दिइरहेका थिए ।

भाउजु मुसुक्क हाँस्दै राजारामको कुराले हर्षित भइरहेको सहजै अनुमान लगाउन सकिन्थ्यो । यो दृश्य सकारात्मक देखिन्थ्यो । हुन त अहिले यस्ता दृश्यहरू उनकै छिमेकी सरोज कुमार कापरको घरमा पनि देख्न पाइन्छ। कुनै समय पुरुषले घरको झुठो थालसम्म पनि उठाउन हुन्न भन्ने समाजको जुन मानसिकता थियो, आज बिस्तारै यो सोच हराउँदै गइरहेको छ। नारी-पुरुष बराबर हुन्, दुवै एक अर्कामा मिलेर काम गर्नुपर्छ अब भन्ने सोच धेरैमा परिवर्तन भइरहेको छ। राजाराम र सरोज कुमार एउटा प्रतिनिधि पात्र मात्र हुन् । उनीहरु जस्तै मुडिबा टोलका करिब २० जना पुरुषहरुको सशक्त बालिका परियोजना अन्तर्गत संचालन गरिएको अभिभावक शिक्षाले व्यवहारमा परिवर्तन ल्याएको छ। प्लान इन्टरनेशनल नेपालको साझेदारीमा समाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआरसी) ले संचालन गरेको उक्त परियोजना मार्फत पुरुषलाई पनि जिम्मेवार बनाउने उद्येश्यले प्रारम्भिक बालविकासमा बुवाको भूमिका भनेर पुरुष सत्र कार्यक्रम गरेको छ।



आज धैरैपुरूषले आफू मात्र अघि बढ्ने होइन कि सँगै श्रीमतीहरूलाई पनि अघि बढाइरहेका छन् । शिक्षामा होस्, काममा होस्, हरेक ठाउँमा सहयोगी सहयात्री बनिरहेका छन् । श्रीमतीलाई काममा सघाउने मात्र होइन, कार्यालय पुऱ्याउने, ल्याउने, श्रीमती ढिला हुँदा बच्चा हेर्ने, खुवाउने, बच्चालाई घुमाउन लैजानेसम्म गर्ने गरेर साथ दिइरहेका छन्। घरभित्र धैरैपुरूषहरू महिलालाई बुझ्ने भएका छन्। उनको कामको प्रशंसा गर्ने, हौसला बढाउने, काम गर्न ऊर्जा थप्ने गरेका छन् । कुनै बेला घरकी श्रीमती कहिले घरभित्र छिर्छे र भात खान पाइन्छ भनेर खैनी माडेर बस्नेपुरूषहरू, गफ हाँकेर चर्काचर्की गर्ने पुरुषहरूका माँझ पनि आज नारीपुरूष एकै हौं भन्ने सोच आइरहेको छ घरभित्रबाट नै । पुरूषले घरबाट सुरु गरेको यो अभियानले समाज परिवर्तनका लागि निकै सहयोग गरिरहेको छ।

कुनै समय पुरुषले घरधन्दा गर्नु हुँदैन, जुठो भाँडा उठाउन हुँदैन, थालैमा चुठ्नुपर्छ, पहिले पुरुषले नै खानुपर्छ अनि त्यही जुठो थालमा महिलाले खानुपर्छ भन्ने पुरानो र आडम्बरी सोचमा अडेको समाज अहिले परिवर्तन भइरहेको छ। पुरुषको व्यवहार परिवर्तनका लागि संचालन गरिएको कार्यक्रमले महिलाहरु पनि हर्षित छन् । गर्भवति हुँदा सासु वा देवरानीसित स्वास्थ्य चौकी जानुपर्ने बाध्यता अव महिलामा छैन, एसडीआरसीका फिल्ड सुपरभाइजर जिवछ दासले भने-पुरुष आफैले श्रीमतिलाई स्वास्थ्य जाँचका लागि नियमित स्वास्थ्य चौकीसम्म पुर्‍याउन थालेका छन्।


अनुरोधकर्ता
निजगढ नगरपालिकाको कार्यालय
बारा, मधेश प्रदेश




पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस।



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday